राष्ट्रिय श्रमिक महिला सम्मेलन-२०८१ द्वारा जारी गरिएको

काठमाडौं घोषणापत्र-२०८१

पित्तृसत्तात्मक सोच र उक्त सोचबाट निर्देशित विभेदपूर्ण सामाजिक, साँस्कृतिक मूल्यमान्यता र रूपान्तरणसहितको स्वतन्त्रता, महिला अधिकार, आफ्नो शरीरमाथि आफ्नो अधिकार र नियन्त्रण, सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्नको लागि १०० वर्ष अगाडिदेखि योगमाया न्यौपानेले सुरु गरेको र विभिन्न राजनीतिक र सामाजिक परिवर्तनका लागि आफ्नो जीवन अर्पण गर्नु भएका महिलाहरूको नेतृत्व र उहाँहरुले गरेको निरन्तर सङ्घर्ष र बलिदानलाई स्मरण गर्दै,

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा महिलाको अधिकार सुनिश्चित गरी लैङ्गिक समानता, सामाजिक न्यायमा आधारित समाज निर्माण गर्न आफ्नो प्राणको आहुति दिने इतिहासका सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति उच्च सम्मान व्यक्त गर्दै,

नेपाल सरकारले विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकजस्ता विभिन्न विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने मूल लक्ष्यका साथ निर्माण भएको नेपालको संविधान, २०७२ र श्रमिक अधिकार सुनिश्चितताको लागि बनेको श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ लाई स्वागत गर्दै,

राष्ट्रिय आर्थिक सर्वेक्षण, २०७५ बाट अनौपचारिक अर्थतन्त्रको क्षेत्रलाई पनि समेट्ने प्रयास गर्न थालिएको र अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको केन्द्रीय तथ्याङ्क विभागको सन् २०१९ को प्रतिवेदनअनुसार कुल श्रम शक्तिको ६२.२% भन्दा धेरै (करिब ४४ लाख) नेपाली श्रमिक अनौपचारिक क्षेत्रमा संलग्न रहेको विभिन्न प्रतिवेदनहरुले अगाडि ल्याएका तथ्याङ्कलाई आधार मान्दै नेपालको अर्थतन्त्रको करिब आधा हिस्सा ओगटेको अनौपचारिक क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख मेरुदण्डको रुपमा रहेको कुरालाई आत्मसात गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९६५, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, यातना तथा अन्य क्रूर अपमानजनक व्यवहारविरुद्धको महासन्धि १९८४, बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि २००६, आइ.एल.ओ. महासन्धिलगायत विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित गरेका महिलाहरूको मानव अधिकार तथा मौलिक हक र स्वतन्त्रताहरूको सम्मान गर्न प्रतिबद्ध रहने उद्घोष गर्दै,

असङ्गठित श्रम क्षेत्रका श्रमिकहरुको कामको पहिचान, सम्मान, सुरक्षाका साथै हिंसारहित सुरक्षित कार्यस्थल र मर्यादित श्रम हुनु पर्दछ भन्ने माग राखी समग्र श्रमिकहरुको अधिकार सुनिश्चिताको लागि सामूहिक रुपमा आवाज उठाउन सशक्त र सङ्गठित हुँदै,

२०८१ साल मङ्सिर १८ गते काठमाडौंमा आयोजित राष्ट्रिय सम्मेलन, २०८१ मा उपस्थित हामी असङ्गठित क्षेत्रका (मनोरञ्जन तथा सत्कार क्षेत्र, यौनश्रम क्षेत्र, सडक श्रम क्षेत्र, निर्माण क्षेत्र, घरेलु श्रम क्षेत्र, कृषि श्रम क्षेत्र, आप्रवासन श्रम क्षेत्र) मा कार्यरत महिला श्रमिकहरु, यस सवालमा कार्यरत सङ्घ, संस्थाहरु, स्थानीय तहका जनप्रतिनिधिहरू, महिला मानव अधिकार रक्षकहरु र नागरिक समाजका प्रतिनिधिहरू गरी २५० भन्दा बढी सङ्ख्यामा रहेका सहभागीबाट तपसिलका मागहरु सुनिश्चित गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने एवं सुनिश्चित गर्नेतर्फ जिम्मेवार बन्न आग्रह गर्दै हामी यी मागहरू राख्दछौं:

मागहरुः

१. मनोरञ्जन तथा सत्कार क्षेत्रको श्रमिकको हकमा:

- श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ को समयसापेक्ष परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनु पर्ने।
- 'श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेन्ट डान्सबारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५' को व्यवस्थालाई परिमार्जन गरी तत्काल लागु गरिनु पर्ने।
- विषेश प्रकृतिको र असङ्गठित क्षेत्र भएकोले यस सम्बन्धमा छुट्टै नियमावली बनाइनु पर्ने।
- श्रमको अनुभव र सीप पहिचान कार्यक्रमलाई तीव्रता दिई श्रम, रोजगार र सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्रममा मनोरञ्जन क्षेत्र र यो क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई समावेश गरिनु पर्ने।
- श्रमिक महिलाले जुनसुकै क्षेत्रमा कुनै पनि समयमा श्रम गर्ने वातावरणको सुनिश्चितताको दायित्व सङ्घीयताको मर्मानुसार सरकारको हुनु पर्ने। (*कम्तीमा पालिकास्तरमा स्थानीय सरकारले रात्रीकालीन यातायात सेवाको पहुँचको सुनिश्चितता गर्नु पर्ने। महिलाले रात्रीकालीन सेवाक्षेत्रमा काम गर्नु हुँदैन र राती एक्लै हिँड्नु हुँदैन भन्ने भाष्य परिवर्तनका लागि सरकार र नागरिक समाजद्वारा पहल गरिनु पर्ने*)
- मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनु पर्ने।
- अनुगमन समिति गठन र सो समितिलाई सक्रिय बनाउन: उपाध्यक्ष उपप्रमुखको संयोजकत्वमा पालिकास्तर र जिल्लास्तरको अनुगमन समिति गठन गर्ने (महिला जनप्रतिनिधि, पत्रकार महासङ्घको महिला उपाध्यक्ष अनिवार्य रहने गरी कम्तीमा ५१ प्रतिशत महिलाको सङ्ख्या रहेको समिति), परिभाषित उत्तरदायित्त्व र स्रोत विनियोजनको साथ कार्यान्वयन गरिनु पर्ने।

२. घरेलु श्रमिकको हकमा:

- घरेलु श्रमिकसम्बन्धी आएलओ महासन्धि C189 र C192 लाई तत्काल अनुमोदन गरिनु पर्ने।

- श्रम ऐनअनुसार कार्यस्थलमा श्रम सम्झौतापत्र तथा नियुक्तिपत्रको व्यवस्था गरिनु पर्ने ।
- घरेलु श्रमलाई श्रम ऐनले दिएको अधिकार र संरक्षणको सुनिश्चितता सरकारद्वारा गरिनु पर्ने । (विशेषगरी दफा ६ र दफा ८८(१))
- श्रमिकहरुको स्वास्थ्य तथा जीवन बिमाको व्यवस्था अविलम्ब गरी लैङ्गिक, यौनिक, अपाङ्गमैत्री कार्यस्थलको सुनिश्चित गरिनु पर्ने ।

३. निर्माण क्षेत्रको हकमा:

- श्रम ऐन, २०७४ को विशेषगरी दफा ८५ को प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।
- समान कामको समान ज्यालाको व्यवस्था गर्न स्थानीयस्तरमा अनुगमन संयन्त्र बनाइनु पर्ने ।
- स्वास्थ्य तथा दुर्घटना तथा जीवन बिमा हुनु पर्ने ।
- दफा ८५ लाई लैङ्गिकमैत्री बनाउने गरी तत्काल संशोधन गरिनु पर्ने ।
- सामाजिक सुरक्षा कोषमा आबद्धताको सुनिश्चितता गरिनु पर्ने ।
- काममा निरन्तरताको सुनिश्चितता गरिनु पर्ने ।
- महिलाको विशेष शारीरिक अवस्था (गर्भवती, महिनावारी, सुत्केरी) मा काम लगाउदा सहज काममा लगाउनु पर्ने ।

४. यौनश्रमको हकमा:

- यौनश्रमलाई निरअपराधीकरण गरी विद्यमान श्रम ऐनको दायराभित्र ल्याइनु पर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई खारेज गरी मानव बेचबिखनको सवाललाई एकीकृत आप्रवासनको कानुनी खाकाभित्र ल्याइनु पर्ने ।
- यौनश्रमिक महिलाबाट जन्मेका बालबालिकाको जन्मदर्ता तथा नागरिकताको सरकारद्वारा सुनिश्चित गरी आमाको नामबाट नागरिकता दिने व्यवस्था गरिनु पर्ने ।
- यौनश्रमिकमाथि हुने हिंसालाई श्रम ऐनको मर्मअनुसार रोकिनु पर्ने ।

५. सडक श्रमको हकमा:

- पालिका (स्थानीय तह) द्वारा सडक श्रमिकसँगको समन्वयमा श्रमिकमैत्री स्थान र समय निर्धारण गरी सुरक्षाको सुनिश्चितता गरिनु पर्ने ।
- पालिका अन्तर्गत रहेका प्रहरी/सुरक्षाकर्मीबाट गरिने हिंसा, दुर्व्यवहार, सामान जफत र ज्यादती रोकिनु पर्ने ।
- विगतमा भएका सडक श्रमिकविरूद्ध भएका बलजफती र हिंसाको अनुगमन र मूल्याङ्कन राष्ट्रिय मानव अधिकार आयोगले नै गर्नु पर्ने र त्यसको प्रतिवेदनमा आधारित रहेर स्थानीय तहलाई सिफारिस गरिनु पर्ने ।\

- वडास्तरीय महिला सञ्जाल, वडाका जनप्रतिनिधि, अन्य सामुदायिक सञ्जाल, सामुदायिक प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्रसँग समन्वय गर्ने।

६. आप्रवासन श्रम क्षेत्रको हकमा:

- वैदेशिक रोजगारबाट फर्किएर आएका महिलाहरूको सीप प्रमाणीकरण गरिनु पर्ने।
- वैदेशिक रोजगारबाट फर्किएर आएका महिलाहरूको सहज पुनर्एकीकरणका लागि 'पुनर्एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ मा महिलाहरूलाई समावेश गर्ने गरी परिमार्जन गरिनु पर्ने।
- सीमापार आप्रवासनलाई मात्र आप्रवासनको मान्यता दिने गरिएको भए पनि आन्तरिक आप्रवासनलाई आप्रवासनको मान्यता दिनेगरी "एकीकृत आप्रवासन ऐन" तत्काल बनाइनु पर्ने।
- नेपाल भारतबीच हुने आप्रवासनलाई मान्यता दिने गरी कानुन परिमार्जन गरिनु पर्ने।
- वैदेशिक रोजगारीमा जाने घरेलु श्रमिक महिलाउपर लगाइएका सर्तहरूको पुनरावलोकन गरी वैधानिक बाटोबाट जानका लागि वातावरण सिर्जना गरिनु पर्ने।
- श्रम आप्रवासनको सबै चक्रमा (निर्णय गरेदेखि स्वदेश फर्कने अवस्थासम्म) श्रमिक महिलाको सुरक्षाको प्रत्याभूति गरिनु पर्ने।

७. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यको हकमा:

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचानको विषयमा नेपालको संविधानमा व्यवस्था भए पनि सम्बन्धित कानुनहरूमा व्यवस्था नभएको कारण यो समुदायलाई नागरिकता, परिचयपत्रलगायतमा समस्या आउने गरेकाले संविधानबमोजिम हरेक कानुन संशोधन गरिनु पर्ने।
- ज्यालामा भेदभाव हुने गरेकोले समान ज्यालाको सुनिश्चित हुनु पर्ने।
- कार्यस्थलमा सम्मानजनक व्यवहारको सुनिश्चित हुनु पर्ने।
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचानकोबारेमा व्यापक जनजेतना कार्यक्रम गरिनु पर्ने।
- स्वास्थ्य र सेवा प्रदायक क्षेत्रहरू लैङ्गिकमैत्री हुनुपर्ने।

अन्त्यमा, समग्र श्रम क्षेत्रलाई सम्बोधन गर्दै, सामाजिक सुरक्षा कोषको व्यवस्था हुनुपर्ने, नि:शुल्क कानुनी सहायताको व्यवस्था हुनु पर्ने, प्रभावकारी नियमन, अनुगमन संयन्त्रको व्यवस्था हुनु पर्ने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन गरिनु पर्ने, वडा कार्यालय तथा न्यायिक समिति प्रभावकारी हुनु पर्ने, श्रमडेस्कको व्यवस्था गरेर पञ्जीकरण गरी व्यवस्थित सरकारी तथ्याङ्क राखिनु पर्ने, श्रमिकहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गरिनु पर्ने, सामुदायिक शिशु स्याहार केन्द्रको व्यवस्था हुनु पर्ने, हरेक सरकारी निकाय तथा सबै किसिमका सेवा प्रदायक क्षेत्रमा परामर्श र मनोसामाजिक विमर्शको व्यवस्था गरिनु पर्ने र कार्यस्थल तथा सेवा प्रदायक निकायहरूका संरचनाहरू अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाइनु पर्ने माग राख्दै हामी यो काठमाडौं घोषणापत्र-२०८१ जारी गरी माथि उल्लिखित मागहरू यथाशीघ्र सम्बोधन गर्न अपिल गर्दछौं।

आयोजक

महिलाको निम्ति महिला मञ्च नेपाल

सहकार्य

१. श्रमिक महिला साझा मञ्च
२. शक्ति समूह
३. तरङ्गिनी फाउण्डेसन
४. पौरखी नेपाल
५. परिवर्तनको लागि सहकार्य नेपाल
६. परिवर्तनका लागि समावेशी कदम नेपाल
७. अधिकार र पहिचानका लागि अभियान सञ्जाल
८. पहिचान सञ्जाल
९. नेपाल महिला एकता समाज
१०. स्वासा नेपाल
११. महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल